# टीकापुर नगर कार्यपालिकाको बैठकको निर्णय

(मिति :२०७७ भाद्र १९ )

**निर्णय नं. १** :- यस टीकापुर नगरपालिकाको विभिन्न कामकारवाहीलाई व्यवस्थित तथा नियमन गर्ने सम्बन्धमा तपसिल बमोजिमका कार्यविधि तथा निर्देशिका उपर दफावार छलफल गरी स्वीकृत गरियो ।

क) टीकापुर नगरपालिकामा निर्माण गरिएका पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्वन्धी निर्देशिका, २०७७

ख) टीकापुर नगरपालिका, व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७

ग) टीकापुर नगरपालिकाको घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७

घ) टीकापुर नगरपालिका, लैंगिक हिंसा निवारण कोष खर्च संञ्चालन मापदण्ड, २०७७

ङ ) ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यबस्थापन सम्बन्धी कार्यबिधि, २०७७

**निर्णय नं. २** :- टीकापुर नगरपालिकाको कार्यालय, पशु सेवा शाखाको प.सं.०७७/०७८, च.नं.१७ मिति२०७७/०५/१६ गतेको भण्डारण गृह निर्माण विषयको सम्बन्धमा र सामुदायिक पशु चौपाया व्यवस्थापन समितिको मिति २०७७/०५/१५ गतेको बैठकको निर्णयानुसार अनुरोध भई आएकोमा देहाय बमोजिम गर्ने ।

क) सामुदायिक पशु चौपायाको आहारा व्यवस्थापनका लागि भुस , पराल लगायतका आवश्यक सामाग्री राख्ने व्यवस्थाका लागि भण्डारण कक्ष निर्माण गर्ने सम्बन्धमा कार्यपालिका कार्यालयलाई लागत ईष्टिमेट तयार गरी आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिने ।

ख) सामुदायिक पशु चौपायाहरुको चरन व्यवस्थापनका लागि टीकापुर नगरपालिकाको मातहतमा रहेका तथा अन्य तपसिल बमोजिमका वन उपभोक्ता समिति सँग समन्वय गरी चरनको व्यवस्था मिलाउने ।

- ✓ खोटेना भूराखानी सामुदायिक वन उपभोक्ता समिति
- ✓ टीकापुर नर्सरी वन संरक्षण समिति
- ✓ भैरवनाथ वन संरक्षण समिति
- ✓ भगरैया सामुदायिक वन उपभोक्ता समिति
- ✓ रानी कर्णाली सामुदायिक वन उपभोक्ता समिति

**निर्णय नं. ३** :-यस नगरपालिकाको प्रशासनिक कार्यालय भवनमा कार्यकक्षको अप्रयाप्तताका कारण शाखा तथा उपशाखाहरुलाई व्यवस्थापन गर्न कठिनाई भईरहेको सन्दर्भमा सामाजिक सुरक्षा तथा पन्जिकरण उपशाखा तथा सेवा इकाई व्यवस्थापन गर्नका लागि कार्यकक्ष निर्माण गर्ने विषयमा नगर कार्यपालिका कार्यालयको मिति २०७७/०४/२१ को निर्णय अनुमोदन गर्ने ।

नगर कार्यपालिकाको कार्यालय टीकापुर, सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं. ४:-** नगर प्रमुख तथा उपप्रमुखको निजी सचिवालयको कार्य अन्तर्गत विभिन्न बैठक तथा अन्य कार्यको समन्वय तथा जानकारी कार्यालय समय भन्दा अघि वा पछी पनि गर्नुपर्ने भएको हुँदा निजी सचिवालयमा कार्यरत कर्मचारीलाई प्रति महिना संचार खर्च वापत रु. १०००।- एक हजार उपलब्ध गराउने ।

**निर्णय नं. ५** :-यस नगरपालिकाको नगर शिक्षा ऐन, २०७६ को दफा १९ मा नगर शिक्षा समिति गठन सम्बन्धमा व्यवस्था रहेको र उक्त दफाको बुंदा नं. १ ख) मा नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट २ जना महिला सदस्य रहने व्यवस्था भएकोमा उक्त सदस्यमा कार्यपालिका सदस्य श्री उपमा के.सी र सीता चौधरीलाई तोक्ने । साथै सोहि दफाको बुंदा नं. १ङ) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एक जना महिला सहित तीन जना सदस्य रहने व्यवस्था भएकोमा हाललाई देहाय बमोजिम सदस्य मनोनित गर्ने ।

| क्र.सं | मनोनित गरिएको सदस्यको नाम र पद | सम्बन्धित विद्यालय |
|---|---|---|
| १ | केशर बहादुर रावल | खडक स्मृति मा.वि. टीकापुर न.पा वडा नं. १ |
| २ | रबिन्द्र कठायत | त्रिभुवन मा.वि, बटनपुर वडा नं.८ |

**निर्णय नं. ६ :** नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार काठमाडौ को मिति २०७७/०५/०२ गतेको प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना/कार्यक्रमहरु प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम आ.व. ०७७/०७८ का लागि पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सन्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ बमोजिम यस नगरपालिकाको तपसिल बमोजिमका योजना छनौट गरी स्वीकृति तथा बजेट विनियोजनका लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने ।

| क्र.सं. | योजनाको नाम | योजना स्थल | कुल लागत अनुमान | न.पा. साझेदारी | सम्बन्धित मन्त्रालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टीकापुर नगरपालिका वडा नं. ७ स्थित डल्फिन अवलोकन क्षेत्र, पदम प्रकाशेश्वर मन्दिर तथा वडा नं. ५ स्थित टीकापुर पार्कको पूर्वाधार निर्माण | टीकापुर नगरपालिका वडा नं. ७, वडा नं. ५ | ७ करोड | २ करोड ४५ लाख | ४ करोड ५५ लाख | **( टीकापुर सर्किट अन्तर्गत छनौट भएका स्थान)** डल्फिन क्षेत्र,पुरातात्विक ऐतिहासिक मन्दिर र पार्क रहेको) |
| २ | वाल विकास र पर्यटन प्रबर्द्धनका लागि वाल उद्यान र सौर्य मण्डल नमूना निर्माण आयोजना | टीकापुर नगरपालिका वडा नं. १ | ७ करोड | २ करोड ४५ लाख | ४ करोड ५५ लाख | आन्तरिक पर्यटन प्रबर्द्धन |

टीकापुर नगरपालिका
नगर कार्यपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

तपेन्द्र बहादुर रावल
नगर प्रमुख

**निर्णय नं. ७** : वडा नं. ४ मौरनिया स्थित भेडेकुलो बाढीका कारण फुट्न गएको हुँदा तत्काल सो कुलो मर्मत गर्नुपर्ने भएको हुँदा विपद् व्यवस्थापन कोषबाट मर्मतका लागि रु. ९९००० ।( उनान्सय हजार) विनियोजन गर्ने ।

**निर्णय नं. ८** :- यस नगरपालिकाको स्वामित्वमा रहेका सटर कवलहरुको भाडा समायोजन सम्वन्धमा कार्यपालिकाको बैठकको मिति २०७७ श्रावण २६ गतेको नि.नं. १ (ख) मा कार्यविधि बनाई कार्यान्वयन गर्ने निर्णय गरिएको र सो सम्बन्धमा थप अध्ययन विश्लेषण गर्नुपर्ने आवश्यकता महशुस गरिएको हुँदा थप अध्ययन गरी राय पेश गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने र उक्त कार्यदलले आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने ।

**तपसिल**

| क्र.स | पदाधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास समिति संयोजक श्री रमेश वि.क | संयोजक | |
| २ | लेखा समिति संयोजक श्री लालविर चौधरी | सदस्य | |
| ३ | कार्यपालिका सदस्य श्री उपमा के.सी | सदस्य | |
| ४ | कार्यपालिका सदस्य श्री डम्वर बहादुर राजी | सदस्य | |
| ५ | श्री दिला कुमारी जोशी, रेग्मी | सदस्य सचिव | |

**निर्णय नं. ९** :- यस नगरपालिकाको विधायन समितिको सदस्य सचिवको जिम्मेवारी यस नगरपालिकामा कार्यरत कानून अधिकृतलाई तोक्ने ।

**निर्णय नं. १०** :- यस नगरपालिका क्षेत्र विभिन्न कृषि उत्पादनका लागि उर्वर क्षेत्र रहेको र वडा नं.८ को वडा समितिको मिति २०७७ भाद्र १७ गतेको बैठकको निर्णयबाट बनगाउँ र फाँटा क्षेत्रलाई तरकारी उत्पादन पकेट क्षेत्र छनौट गर्न सिफारिस भई आए बमोजिम यस नगरपालिकाको वडा नं. ८ को बनगाउँ र फाँटा क्षेत्रलाई तरकारी उत्पादन पकेट क्षेत्र तोक्ने निर्णय भएकोमा आगामी नगरसभा बैठकबाट अनुमोदन हुने गरी उक्त क्षेत्रलाई तरकारी पकेट क्षेत्र तोक्ने ।

**निर्णय नं. ११** :-यस नगरपालिकाको वडा नं ८ सीमा क्षेत्र भएको र हाल वडा नं.८ र ९ मा वडा नं. ७ कालाकुण्डा प्रहरी चौकीबाट सुरक्षा प्रदान गर्दै आईरहेको सन्दर्भमा सुरक्षा सम्वेदनशिलतालाई मध्येनजर गर्दै वडा नं.८ स्थित विगतमा चौगुर्दि भन्सार कार्यालय रहेको सरकारी भवनमा अस्थायी प्रहरी चौकी स्थापनाका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने । साथै विगत लामो समय देखि उक्त भवनको सुरक्षार्थ वस्दै आएको एकल महिला सहितको परिवारको वसोवासको लागि बैकल्पिक ब्यवस्था मिलाउने ।

तपेन्द्र बहादुर रावल
नगर प्रमुख